# मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८०/०८१)




**मुख्य न्यायाधिवक्ताको कार्यालय**

लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल



मुख्य न्यायाधिवक्ता श्री यमलाल खनालको नियुक्ती ।




मुख्य न्यायाधिवक्ता यमलाल खनाल ज्यू शपथ ग्रहण गर्नुहुँदै ।

मानननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्तीमगर ज्यू

समक्ष

मुख्य न्यायाधिवक्ता

श्री यमलाल खनालले

पेश गरेको

आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक प्रतिवेदन


मुख्य न्यायाधिवक्ताको कार्यालय

लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल

# मुख्य न्यायाधिवक्ताको
# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८०/०८१)

प्रकाशित संख्या : १५० प्रति

प्रकाशित मिति : २०८१/०५/१६

सम्पादन : कार्यालय प्रमुख (उपसचिव) हरिहर पौडेल
शाखा अधिकृत इन्दु बसेल

टाइपिङ्ग : कविता चौधरी

सहयोग : वीरेन्द्र कुमार लाल दास
का.स. राम प्रसाद पाण्डे
का.स. विनु रेग्मी
ह.स.चा. डोल बहादुर थापा मगर

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल

फोन : ०८२-५९०४४१, ५९०४४२, ५९०४४३, ५९०४४६

वेभ साइट : www.oca.lumbini.gov.np

ई-मेल : ca.province5@gmail.com

लेआउट सेटिङ्ग : पारस वर्मा/९८४७२६६७६८

मुद्रण : आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस
बुटवल उप-महानगरपालिका-६, पुरानो बसपार्क
फोन नं.: ०७१-५५३२९३, ९८५७०३५३८०



**यमलाल खनाल**
मुख्य न्यायाधिवक्ता



**हरिहर पौडेल**
कार्यालय प्रमुख (उपसचिव)



**इन्दु बसेल**
शाखा अधिकृत



**वीरेन्द्र कुमार लाल दास**
वरिष्ठ प्रशासन सहायक



**कविता चौधरी**
कम्प्युटर अपरेटर



**डोल ब. थापा मगर**
हलुका सवारी चालक



**विनु रेग्मी**
कार्यालय सहयोगी



**राम प्रसाद पाण्डे**
कार्यालय सहयोगी

# स्थापनाकाल देखि हालसम्मका मुख्य न्यायाधिवक्ताज्यूहरू



**श्री ठाकुर प्रसाद डि.सी.**
(२०७४/११/२३ देखि २०७८/०४/२७)



**श्री श्रीकृष्ण सुवेदी**
(२०७८/०५/०४ देखि २०७९/०९/२७)



**श्री खुमकान्त पौडेल**
(२०७९/१०/२९ देखि २०८०/०१/१५)



**प्रा.डा. श्री बुद्धबहादुर थापा क्षेत्री**
(२०८०/०२/०८ देखि २०८०/१२/२६)



**श्री तिर्थराज ज्ञवाली**
(२०८१/०२/२१ देखि २०८१/०४/२३)

# मुख्य न्यायाधिवक्ताको कार्यालय

लुम्बिनी प्रदेश
राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं.: २०८१/०८२
च.नं.:

माननीय प्रदेश प्रमुख ज्यू
प्रदेश प्रमुखको कार्यालय
लुम्बिनी प्रदेश, बुटवल।

**विषय : आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

प्रदेश सरकारको तर्फबाट संवैधानिक तथा कानुनी प्रतिरक्षामा सदैव क्रियाशील र जवाफदेही बन्ने, मानव अधिकारका आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरुको रक्षा गर्ने, हिरासत थुनुवा र बाल सुधार गृहको क्षेत्रमा मानवोचित व्यवहार भए नभएका अवलोकन गर्ने, अदालतबाट भएका फैसला र आदेशको कार्यान्वयन गर्न गराउन सहयोग पुऱ्याउनु यस कार्यालयको मुख्य दायित्व रहेको छ। प्रदेश सरकार र सरकार मातहतका निकायका विरुद्धमा दर्ता भएका मुद्दाहरुमा प्रभावकारी रुपमा प्रतिरक्षा गर्ने र कानुनी राय परामर्श दिने जिम्मेवारी पनि यसै कार्यालयको रहेको छ। मन्त्रालयहरुबाट माग भएका राय सल्लाह समेत उपयुक्त समयमा दिँदै आएको छ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा १६० बमोजिम स्थापना भएको यस मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेशबाट संविधान र प्रदेश कानून बमोजिम आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन भएका कार्यहरु, कार्यसम्पादनमा देखिएका समस्याहरु र सुझावहरु समेटिएको वार्षिक प्रतिवेदन मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५ को दफा ११ बमोजिम माननीय प्रदेश प्रमुख समक्ष पेश गरिएको व्यहोरा अनुरोध गर्दछु।

यमलाल खनाल
मुख्य न्यायाधिवक्ता
लुम्बिनी प्रदेश
राप्ती उपत्यका देउखुरी नेपाल

☎ ०८२-५९०४४२, ५९०४४६ website: www.oca.lumbini.gov.np e-mail: ca.province5@gmail.com

# विषय सूची


**परिच्छेद १** **१–५**

१.१ मुख्य न्यायाधिवक्ता कार्यालयको परिचय १

१.२ मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तव्य, अधिकार १

१.३ वार्षिक प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्था २

१.४ संगठनात्मक स्वरुप २

**परिच्छेद २** **६–१०**

२.१ बहस एवं प्रतिरक्षा एवं कानूनी राय ६

२.२ बहस एवं प्रतिरक्षा ६

२.३ कानूनी राय ८

**परिच्छेद ३** **११–१२**

३.१ आ.व.२०८०/८१ को विनियोजित बजेट र २०८१ असार मसान्त सम्मको खर्च ११

३.२. आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ११

३.३ कार्यालयको भौतिक सम्पतिको विवरण १२

**परिच्छेद ४** **१३–१४**

४.१ विनियोजित बजेट तर्फका कार्यक्रमहरु १३

४.२ समुदायमा कानूनी शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन १३

४.३ कारागार तथा हिरासत अनुगमन तथा निरिक्षण सम्बन्धी कार्यक्रम १३

**परिच्छेद ५** **१५–१८**

५.१ सबल पक्ष, समस्या तथा सुझावहरू १५

५.२ सुझावहरु १७

**विभिन्न कार्यक्रमका झलकहरु** **१९–२६**

परिच्छेद-१

# परिचय

## १.१ कार्यालयको परिचय

नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। सोही संवैधानिक व्यवस्था बमोजिम मिति २०७५ चैत्र २ गते यस कार्यालयको स्थापना भई सञ्चालन हुँदै आएको छ। सुरुवाती दिनमा लुम्बिनी प्रदेशको अस्थायी मुकाम बुटवलमा कार्यालय रहेकोमा स्थायी राजधानी राप्ती उपत्यका देउखुरी नेपालमा सर्ने निर्णय भएसँगै मिति २०७९ मंसिर २८ गतेदेखि स्थायी राजधानी राप्ती उपत्यका देउखुरी नेपालमा स्थित आफ्नै भवनबाट कार्यालय सञ्चालन हुँदै आएको छ।

## १.२ मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्थाछ।सोही व्यवस्था अनुसार **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५** जारी भइ कार्यान्वयनमा आएको अवस्था छ। उक्त ऐनको दफा ४ मा मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने भन्ने समेतको काम,कर्तव्य र अधिकार रहेको देखिन्छ।


## १.३ वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

मुख्य न्यायाधिवक्ताको कार्यालयको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ को दफा ११ मा मुख्य न्यायाधिवक्ताको काम कारवाहीको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था रहेको छ। उक्त ऐनको दफा ११ को उपदफा १ मा मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ता कार्यालयको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा प्रदेश प्रमूख समक्ष पेस गर्नु पर्ने र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पेस हुनेछ भन्ने व्यवस्था रहेको छ।

## १.४ संगठनात्मक स्वरुप

मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठन संरचना नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई संगठनात्मक स्वरुप निर्धारण भएको छ। यस कार्यालयको संगठनात्मक संरचना निम्न बमोजिम रहेको छ।

### १.४.१ संगठनात्मक संरचनाः



## १.४.२ संगठनात्मक स्वरुप

| क्र.सं. | पदनाम | श्रेणी | सेवा | समुह/ उपसमुह | नेपाल सरकारबाट स्विकृत दरबन्दी (साबिकको स्थायी दरबन्दी) | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उप न्यायाधिवक्ता/ ब उप सचिव | रा.प.द्धितिय | न्याय | सरकारी वकील | १ | १ | ० | |
| २ | सहायक न्यायाधिवक्ता/बशाअ | रा.प.तृतिय | न्याय | सरकारी वकील | ३ | १ | २ | |
| ३ | ब.प्रशासन सहायक/अधिकृत | ५/६ तह | प्रदेश प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | |
| ४ | लेखापाल/अधिकृत (लेखा) | ५/६ तह | प्रदेश प्रशासन | लेखा | १ | ० | १ | |
| ५ | कम्प्युटर अपरेटर/अधिकृत (कम्प्युटर) | ५/६ तह | प्रदेश प्रशासन | विविध | १ | १ | ० | करार |
| ६ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि. | मे./ज.मे. | १ | १ | ० | करार |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | करार |
| जम्मा | | | | | ११ | | | |

## १.४.३ हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको विवरणः

| क्र.सं. | सेवा समूह | पद | नाम | स्थायी ठेगना |
|---|---|---|---|---|
| १ | पदाधिकारी | मुख्य न्यायाधिवक्ता | श्री यमलाल खनाल | रुपन्देही |
| २ | न्याय /सरकारी व | उप न्यायाधिवक्ता | श्री हरिहर पौडेल | अर्घाखाँची |
| ३ | न्याय/सरकारी वर्क | सहायक न्यायाधिवक्ता | श्री इन्दु बसेल | दाङ्ग |
| ४ | प्रशासन/सा.प्र | सहायक पाँचौ | श्री वीरेन्द्र कुमार लाल दास | धनुषा |
| ५ | कम्प्युटर अपरेटर | सहायक पाँचौ | श्री कविता चौधरी | बर्दिया |
| ६ | | ह.स.चा. | श्री डोल बहादुर थापामगर | पाल्पा |
| ७ | | का.स. | श्री बिनु रेग्मी | नवलपरासी |
| ८ | | का.स. | श्री राम प्रसाद पाण्डे | रुपन्देही |

परिच्छेद-२

# बहस एवं प्रतिरक्षा एवं कानूनी राय

## २.१ बहस एवं प्रतिरक्षा

लुम्बिनी प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायहरुलाई विपक्षी बनाई विभिन्न अदालतहरुमा दायर हुन आएका मुद्दाहरुको विवरण तथा यस आ.व. मा यस कार्यालयबाट वहस प्रतिरक्षा भई फछ्र्यौट भएका मुद्दाहरुको अदालत अनुसारको विवरण यस प्रकार रहेको छ।

| अदालत | गत आ.व.बाट जिम्मेवारी सरी आएका | चालु आ.व.मा थप भएका | जम्मा मुद्दा | फछ्र्यौट विवरण | | जम्मा फछ्र्यौट | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | जारी | खारेज | | | |
| सर्वोच्च अदालत | ७५ | २२ | ९७ | ३ | १० | १३ | ८४ | |
| उच्च अदालत तुलसीपुर बुटवल इजलास | ८ | १४ | २२ | ३ | १५ | १८ | ४ | |
| उच्च अदालत तुलसीपुर | ११ | ८ | १९ | २ | १४ | १६ | ३ | |
| उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास | १ | १३ | १४ | ३ | ७ | १० | ४ | |
| उच्च अदालत पाटन | २ | २ | ४ | ३ | १ | ४ | ० | |
| प्रशासकीय अदालत | २ | २ | ४ | १ | ३ | ४ | ० | |
| रुपन्देही जिल्ला अदालत | ० | १ | १ | ० | ० | ० | १ | |
| **जम्मा** | ९९ | ६४ | १६३ | १६ | ५१ | ६७ | ९६ | |

*फछ्र्यौट भएका कूल ६७ वटा मुद्दाहरु मध्ये ५१ वटामा रिट खारेज हुने गरी फैसला भएको र १६ वटामा रिट जारी भएको देखिएकोले ७६ प्रतिशत मुद्दाहरुमा सफलता प्राप्त भएको देखिन्छ।*

**यस कार्यालयबाट यस आर्थिक वर्षमा मुख्य न्यायाधिवक्ता तथा सरकारी वकील ज्यूहरूबाट मुद्दाहरुमा विभिन्न अदालतहरुमा वहस पैरवीमा उपस्थित भएको विवरण यस प्रकार रहेको छ।**

| अदालत | पटक | कैफियत |
|---|---|---|
| सर्वोच्च अदालत | १६९ | |
| उच्च अदालत तुलसीपुर बुटवल इजलास | ७० | |
| उच्च अदालत तुलसीपुर | ७१ | |
| उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास | २८ | |
| उच्च अदालत पाटन | २१ | |
| प्रशासकीय अदालत | ५ | |
| रुपन्देही जिल्ला अदालत | २ | |
| कपिलवस्तु जिल्ला अदालत | १ | |
| **जम्मा** | ३६७ | |

## २.२ कानूनी राय

### कानुनी राय प्रदान गर्नु पर्ने सम्बन्धी नेपाल कानुनका व्यवस्थाहरू

महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः महान्यायाधिवक्ता नेपाल सरकारको मूख्य कानुनी सल्लाहकार हुनेछ। संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु, महान्यायाधिवक्ताको कर्तव्य हुनेछ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ - नेपालको संविधानको धारा १६० (५)। नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिनु पर्नेछ - नेपालको संविधानको धारा १५८ (३)।
मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवा शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ मा "प्रदेश कानुन बमोजिम" स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानुनको उल्लंघन वा सार्वजनिक हित विपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध उजूर गर्न कानुनले कुनै अधिकारी तोकिएको रहेनछ भने त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध कानुनी उपचार प्राप्त गर्नसक्नेछ’भन्ने व्यवस्था गरेको छ भने दफा ४ मा ‘मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानुनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्नसक्नेछ‘ भन्ने व्यवस्था रहेको छ।

प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले वा प्रदेश सरकार मातहतका कार्यालयहरुले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्दा देहाय बमोजिमको रीत पूरा गरेको हुनुपर्ने देखिन्छ।

क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग गर्ने कार्यालय वा अधिकारीलाई हुनुपर्नेछ।

ख) जुन विषयमा राय माग गरिएको हो सो सँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनुपर्नेछ।

ग) राय माग गरिएको विषयमा स्पष्ट रुपमा संवैधानिक वा कानुनी प्रश्न उल्लेख गरिएको हुनुपर्नेछ।

घ) जुन विषयमा राय माग गरिएको हो सो विषयमा अन्य कुनै प्रक्रिया पूरा गर्नुपर्ने भएमा सो सबै प्रक्रिया पूरा गरी राय माग गरेको हुनुपर्नेछ।

ङ) जुन विषयमा राय माग गरिएको हो सो विभागीय राय सहित सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनुपर्नेछ।

च) राय माग गरिएको विषय र राय दिएको विषय गोप्य रहने।

## यस आ.व.मा यस कार्यालयबाट प्रदान गरिएको कानुनी रायको विवरणः

| क्र.स. | कानुनी राय माग गर्ने निकाय | राय माग गरेको मिति | राय दिएको मिति | राय दिएको सङ्ख्या |
|---|---|---|---|---|
| १ | श्री गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार रापि उपत्यका (देउखुरी), नेपाल | २०८०/०६/१६ | २०८०/०६/२६ | १ |
| | **जम्मा** | | | **१** |

यस आ.व.मा विभिन्न निकायबाट १ वटा कानुनी राय माग भई आएकोमा कानुनी राय प्रदान गरिएको अवस्था छ।

कानुनी रायको ढाँचा देहाय बमोजिम हुनुपर्ने देखिन्छ।

मितिः

**विषयः राय सम्बन्धमा ।**

श्री .....................

तहाँ ...............को च.नं. ....मिति ............. को पत्रबाट राय माग गरिएको विषयमा निम्न व्यहोराको राय सहित सक्कल मिसिल यसै पत्र साथ फिर्ता पठाइएको व्यहोरा अनुरोध छ ।

राय माग गरिएको विषयको संक्षिप्त तथ्य विवरणः
राय माग गर्ने निकायको विभागीय रायः
सो सम्बन्धी कानुनी व्यवस्थाः
मुख्य न्यायाधिवक्ताबाट प्रदान गरिएको रायः

मुख्य न्यायाधिवक्ता

परिच्छेद-३

# कार्यालयको बजेट तथा अन्य भौतिक अवस्था

## ३.१ आर्थिक वर्ष २०८०/०८१को विनियोजित बजेट र ०८१ असार मसान्त सम्मको खर्च। (रु. हजारमा)

| क्र.सं. | खर्चको प्रकार | वार्षिक विनियोजित बजेट | वार्षिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १३८००००० | ९५०३८३४।८३ | ६८।८६ |
| २ | पूँजीगत | १३००००० | २३००५९ | १७।६९ |
| | कूल | १५१००००० | ९७३३८९३।८३ | ६४।४६ |

## ३.२ आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण। (रु.हजारमा)

क) ब.उ.शि.नं. ३०१०१०११३ (मुख्य न्यायाधिवक्ताको कार्यालय /चालु तर्फ)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% मा |
| १ | समुदायमा कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | ३ | ३००००० | ३ | १०० | २४३४६६ | ८१।१५ |
| २ | रिट प्रतिरक्षा लिखित जवाफको स्तरियता एव कानुनी रायमा प्रभावकारिता विषयक गोष्ठी अन्तरक्रिया | ३ | ३००००० | - | - | - | - |
| ३ | अन्तर प्रदेश स्तारिय अध्ययन,अनुगमन तथा अनुभव आदान प्रदान | १ | १००००० | - | - | - | - |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% मा |
| ४ | पुस्ताकालय स्थापना (आवश्यक पुस्तक खरिद, पुस्ताकालय व्यवस्थापन खर्च लगायत अन्य आवश्यक क्रियाकलप) | १ | १२०००० | १ | १०० | ११६१८९ | ९६।८२ |

ख) ब.उ.शि.नं. ३०१०१०११४ (मुख्य न्यायाधिवक्ताको कार्यालय/पुँजिगततर्फ)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% मा |
| १ | मेशिनरी औजार खरिद | २ | २००००० | २ | १०० | १६९६८४ | ८४।८४ |
| २ | फर्निचर तथा फिक्चर्स | १ | १००००० | १ | १०० | ६०३७५ | ६०।३७५ |

## ३.३ कार्यालयको भौतिक सम्पत्तिको विवरणः

### ३.३.१ कार्यालयको भवनः

लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा कार्यालयको छुट्टै भवन रहेको छ।दुई तला रहेको यस भवनमा कूल ८ वटा कोठाहरु रहेका छन्।

### ३.३.२ सवारी साधन तर्फः

यस कार्यालयमा ४ पांग्रे सवारी साधन थान-२, मोटर साइकल थान ४, स्कुटी थान १, साइकल थान ३ रहेका छन्।

परिच्छेद-४

# यस आ.व.मा सम्पादन भएका कार्यक्रमहरु

## ४.१ समुदायमा कानूनी शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालनः

यस आ.व.मा लुम्बिनी प्रदेशका ३ (तीन) वटा जिल्लाहरुमा यो कार्यक्रम सम्पन्न भएको थियो। मिति २०८१/०२/२६ मा गौमुखी गाउँपालिकाको कार्यालय प्युठान, मिति २०८१/०२/२७ मा लिवाङ, नगरपालिकाको कार्यालय, रोल्पा र मिति २०८१/०२/२८ मा रुक्मिणी मा.वि, रुकुम पूर्व जिल्लामा सम्पन्न भएको थियो।

## ४.२ कारागार तथा हिरासत अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यक्रमः

यस कार्यालयका मुख्य न्यायाधिवक्ता श्री तिर्थराज ज्ञवाली समेतबाट देहाय बमोजिम हिरासत तथा कारागार अनुगमन भएको थियो।

| क्र.सं. | मिति | स्थान | कैफियत |
|---|---|---|---|
| १ | २०८१/०२/२५ | जिल्ला प्रहरी कार्यालय तथा कारागार कार्यालय, प्युठान | |
| २ | २०८१/०२/२७ | जिल्ला प्रहरी कार्यालय तथा कारागार कार्यालय, रोल्पा | |
| ३ | २०८१/०२/२८ | जिल्ला प्रहरी कार्यालय रुकुम पूर्व | |
| ४ | २०८१/०३/२६ | कारागार कार्यालय, नेपालगंज | |

## ४.३ अन्तर प्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान कार्यक्रमः

मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश पोखरामा अनुभव आदान प्रदान गर्नका लागि यस कार्यालयका मुख्य न्यायाधिवक्ता श्री तिर्थराज ज्ञवाली समेतको टोली पोखरामा गई मिति २०८१/०२/३१ गते पोखरामा अन्तर प्रदेश स्तरीय

कार्यक्रम संचालन गरिएको थियो। मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशमा अध्ययन तथा अनुभव आदान प्रदान कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएको थियो। उक्त अनुभव आदान प्रदान कार्यक्रममा मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता श्री चिरञ्जीवि शर्मा समेतको टोलीले यस कार्यालयबाट अनुभव आदान प्रदानको लागी गएको टोलीलाई स्वागत गर्नु भएको थियो।

परिच्छेद-५

# सबल पक्ष, समस्याहरु तथा सुझावहरुः

## ५.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सबल पक्ष तथा समस्याहरु :

प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा मुख्य न्यायाधिवक्ताको नियुक्ती हुने संवैधानिक व्यवस्था रहेको छ। नेपालको संविधानले गरेको व्यवस्था तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम यस मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य सम्पादन गर्दा देहाय बमोजिम यसका सवल पक्ष, समस्याहरु र समस्या समाधानका लागि आवश्यक सुझावहरु यस प्रकार रहेका छन्।

### सबल पक्षहरुः

लुम्बिनी प्रदेश सरकार, प्रदेशका मन्त्रालय तथा सो अन्तर्गतका कार्यालयहरु विरुद्ध विभिन्न अदालतहरुमा प्रदेश सरकारको प्रतिनिधित्व गरी प्रतिरक्षा गर्ने कार्य भएको छ। मुख्य न्यायाधिवक्ताको कार्यालयले औपचारिक तथा अनौपचारिक रुपमा प्रदेशका माननीय मुख्यमन्त्री, मन्त्रीहरु तथा मन्त्रालय मातहतका कार्यालयहरुलाई संवैधानिक, कानुनी तथा अन्य विषयमा राय सुझाव दिइएको छ। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) ले प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको गठनको आवश्यकता छ।जसले कारागार व्यवस्थापन तथा संचालनलाई व्यवस्थित बनाउन मद्दत पुग्ने देखिन्छ। हिरासत कक्षहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक सुधारको लागि सम्बन्धित निकायलाई निर्देशन तथा समन्वयमा सहयोग पुग्ने देखिएको छ। पछिल्लो समयमा प्रदेश सरकारबाट प्रतिनिधित्व गर्ने मुद्दाको संख्या दिन प्रति दिन बढ्दो

क्रममा छ। सो मुद्दाहरुमा उचित प्रतिनिधित्व गर्नु पर्ने अवसर छ। सक्षम र व्यावसायिक सरकारी वकिलहरुको यस कार्यालयमा आवश्कता रहेको छ। आ.व. २०८०/०८१ मा फैसला भएका मुद्दाहरु मध्ये यस प्रदेश सरकारका विरुद्दमा परेका ७६ प्रतिशत मुद्दामा सफलता हासिल हुन सकेको छ।

**समस्याहरुः**

- आवश्यक मात्रामा कर्मचारीको दरबन्दी सिर्जना हुन नसकेको र दरबन्दी अनुसारका कर्मचारी समयमै पदपुर्ती हुन नसक्दा कार्यसम्पादनमा कठिनाई हुने गरेको छ।
- कार्यालय भवन साह्रै सानो र जिर्ण अवस्थामा रहेकाले कामकारवाहीमा कठिनाई हुने गरेको छ।
- मुद्दाको चाप अनुसार सरकारी वकीलको पदपुर्ती हुन नसक्दा काममा चाप रहेको छ।
- विभिन्न अदालतहरुमा रहेको मुद्दाको चापको आधारमा यस कार्यालयको सम्पर्क कार्यालय स्थापना हुन नसक्दा वहस पैरवी समेतको कार्यमा कठिनाई हुने गरेको।
- सरकारी वकिल तथा कर्मचारीको दक्षता अभिवृद्दि तथा कार्य उत्प्रेरणाका लागि पर्याप्त अवसरहरुको कमी रहेको।
- विभिन्न निकायहरुबाट कानुनी राय माग गर्दा उक्त निकायले पुर्याउनु पर्ने रीत नपुर्याई तथा निर्धारित ढाँचामा नआउने गरेका कारण कानूनी राय प्रदान गर्न असुविधा हुने गरेको।
- लिखित जवाफ समयमै नपठाई अन्तिम समयमा पठाउने परिपाटीले यस कार्यालयबाट सुझाब दिन कठिनाई हुने गरेको, अधिकांश मुद्दा तथा रिटको लिखित जवाफमा खुलाउनु पर्ने सबै कुरा नखुलाई र आवश्यक कागजात सामेल गरेको नदेखिँदा प्रतिरक्षा गर्न असजिलो हुने गरेको।

५.२ सुझावहरुः

१. प्रदेश सरकार पक्ष/विपक्ष भएको मुद्धाको संख्या सर्वोच्च अदालतमा दिन प्रतिदिन बढ्दै गएको दैनिक जसो पेशी पर्दै आएको अवस्था छ। र यस कार्यालयबाट प्रत्येक पेशीका दिन प्रतिरक्षा गर्न काठमाण्डौ जान असहज हुने गरेकोले यस कार्यालयको सम्पर्क कार्यालय काठमाडौमा स्थापना गर्नु अत्यन्त आवश्यक रहेको छ।

२. उच्च अदालत रहेका क्षेत्रमा मुद्दाको चापलाई विचार गरेर तथा जिल्लामा स्थापना भएका प्रदेश सरकारका कार्यालयहरुको काम कारवाहीहरुका विरुद्द सम्बन्धित जिल्ला अदालतमा पनि रिट क्षेत्राधिकारभित्र रिट निवेदन पर्न सक्ने हुँदा प्रदेशका सबै जिल्लामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्न मुख्य न्यायाधिवक्ता कार्यालयबाट मात्र संभव नहुने भएकोले मुद्दाको चापलाई हेरेर मुख्य न्यायाधिवक्ता कार्यालयको शाखा स्थापना हुन पर्ने आवश्यकता देखिन्छ।

३. मुद्दाको प्रतिरक्षा गर्दा अतिरिक्त समयमा समेत मुद्दाको अध्ययन गर्नुपर्ने हुँदा मुख्य न्यायाधिवक्ता,सरकारी वकिल र अन्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलबध गराउने गरी आवश्यक कानुनी तथा बजेटको व्यवस्था गर्नुपर्ने।

४. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धि कार्यविधि तत्कालनिर्माणगर्नुपर्ने देखिन्छ।

५. प्रदेश सरकारका मन्त्रालय तथा कार्यालयहरुले कानुनी राय माग गर्दा पुर्याउनुपर्ने रित तथा प्रक्रिया पुरा गरी मात्र कानुनी राय माग गर्नुपर्ने र लिखित जवाफ पेश गर्दा निश्चित ढाँचामा लिखित जवाफ तयार गरी आवश्यक पर्याप्त प्रमाणहरु समेत राखी तोकिएको म्यादभित्र लिखित

जवाफ यस कार्यालयलाई उपलब्ध गराई प्रदेश सरकारको तर्फबाट यस कार्यालयले गर्ने प्रतिरक्षाको कार्यलाई सहज र प्रभावकारी बनाइनुपर्ने देखिन्छ।

६. कार्यालयको नियमित कार्य प्रभावकारी रुपमा सम्पादन गर्नका लागि तथा कर्मचारीहरुको आवास समेतका लागि आवश्यक सुविधा सहित भौतिक स्रोत साधनयुक्त भवनको व्यवस्था हुनुपर्ने देखिन्छ।

७. संबिधान संग बाझिएका प्रदेश तथा स्थानीय तहका कानूनहरुका विरुद्धमा सर्वोच्च अदालतमा रिट दायर गर्दा वा बहस पैरवी गर्दा साझा सवालहरुमा सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरु समन्वयमा रही सामूहिक रुपमा गर्न उपयुक्त देखिन्छ।

८. सरकारी वकिल तथा कर्मचारीहरुको अभाव नहुने गरी दरबन्दी अनुसारको कर्मचारी पूर्ति गर्नुपर्ने र कार्यालयको कामको बोझको आधारमा थप दरबन्दी सिर्जना हुनुपर्ने अवस्था रहेको छ।

# प्युठान, रोल्पा रुकुम पूर्वमा सम्पन्न कार्यक्रमका झलकहरू



मुख्य न्यायाधिवक्ता तिर्थराज ज्ञवाली ज्यूले प्रशिक्षण गर्नुहुँदै ।



कार्यक्रमका सहभागीहरु प्रशिक्षण लिँदै ।




कार्यक्रम समापनपछिको सामुहिक तस्विर ।



जिल्ला प्रहरी कार्यालय प्युठान ।




कार्यक्रम समापनपछिको सामुहिक तस्विर ।




जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वको हिरासत निरिक्षणको क्रममा ।




कारागार कार्यालय नेपालगंज बाँके ।



मुख्य न्यायाधिवक्ता श्री चिरञ्जीवी शर्मा ज्यूले मुख्य न्यायाधिवक्ता श्री तिर्थराज ज्ञवाली ज्यू समेतको टोलीलाई पोखरामा स्वागत गर्नुहुदै।



गण्डकी प्रदेश मख्य न्यायाधिवक्ताको कार्यालय पोखरामा अनुभव आदान प्रदान कार्यक्रमको झलक।



मुख्य न्यायाधिवक्ताको सम्मेलन कार्यक्रम बागमती प्रदेश हटौडाको झलक।

# मुख्य न्यायाधिवक्ता प्रा.डा.श्री बुद्धबहादुर थापा क्षेत्री ज्यू को विदाइ ।







सहायक न्यायाधिवक्ता श्री पुजा पन्थी ज्यूको स्वागत ।



सहायक न्यायाधिवक्ता श्री पुजा पन्थी ज्यूको विदाई ।



न्यायाधिवक्ता श्री यमलाल खनाल ज्यूलाई स्वागत गर्नुहुँदै कार्यालय प्रमुख श्री हरिहर पौडेल ज्यू ।



मुख्य न्यायाधिवक्ता श्री यमलाल खनाल ज्यू पद वहाली गर्नुहुँदै ।

# लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय क्षेत्रहरु


सुपादेउराली मन्दिर, अर्घाखाँची


सिस्ने हिमाल, पूर्वी रुकुम



बर्दिया राष्ट्रिय निकुञ्ज, बर्दिया


रानीमहल, पाल्पा


रेसुङ्गा मन्दिर, गुल्मी


रामग्राम स्तुप, परासी


धारापानी, दाङ


स्वर्गद्वारी मन्दिर, प्यूठान